**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७५।०७६ सालको निर्णय नं. २०८

पुनरावेदन नं. ९७–०७४-RB-०१८५

**<u>मुद्दाः – मुल्य अभिवृद्धि कर (२०६९/०७०) ।</u>**

सानिमा वैंक लिमिटेड.............................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

श्री ठूला करदाता कार्यालयललितपुर ,हरिहरभवन ,.................................... १ } प्रत्यर्थी

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाण्डौ ..................................१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री दिपक घिमिरे , श्री लक्ष्मी सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधीवक्ता श्री शम्भूकुमार वस्नेत

**अविलम्वित नजीरः ×**

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कार्यालयललित ,हरिहरभवन ,।

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशाशक बलराम रिज्याल

शुरु कार्यालयको निर्णय मितिः–२०७३/१२/२१

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक श्री किशोर जंग कार्की

निर्णय मितिः–२०७४/१०/२९

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय ललितपुबाट मिति २०७३।१२।२१ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागमा पुनरावलोकन गरेकोमा त्यहाँबाट समेत हामी करदाताको निवेदन जिकिर नपुग्ने गरी ठुला करदाता कार्यालयबाट भएको अंतिम कर निर्धारण आदेशलाइ यथावत सदर गर्ने गरी मिति २०७४।१०।२९ मा निर्णय भएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) वमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ।सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

**तथ्य खण्ड**

१. करदाता सानिमा वैंक लिमिटेडले आ.व. २०६९/०७० को मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८ (२) मा नेपाल वाहिरको दर्ता नभएको कुनै व्यक्तीबाट SWIFT सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्ती यो ऐन वमोजिम कर लाग्ने मुल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्ने ब्यवस्था अनुसार करदाताले सेवा विदेशी आपूर्तीकर्ताहरुबाट प्राप्त गरे वापतको रु.१९,०६,१०५।६२ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर २५ प्रतिशत जरिवाना व्याज थप दस्तुर समेत जम्मा ५,३६,८८४।०० असुल उपर गर्नु पर्ने भनि मुल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश ।

२. प्रस्तुत करदाता सानिमा वैंक लिमिटेडले आ.व. २०६९/०७० को प्रारम्भिक मुल्य अभिबृद्धि कर निर्धारण गरेको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७३/१२/२१ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०११/01 मा जारी भएको सूचना करदाताले मिति २०७३/१२/१० मा बुझी लिइ सूचनाको जवाफ पेश गरेको ।

४. करदाता सानिमा वैंक लिमिटेडले आ.व. २०६९/०७० को प्रारम्भिक मुल्य अभिबृद्धि कर निर्धारण आदेश वमोजिम कै मू.अ.कर रु.२४७७९३।०० जरिवाना रु.६१९८४।०० र थप दस्तुर रु.९२९२२।०० तथा व्याज रु.१३९३८३।०० समेत गणना गरी हुने रकम रु.५४२०४६।०० दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने मिति २०७५।१२।२१ गतेको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/१२/१४ मा जारी गरेको आ.व. २०६९/०७० को मुल्य अभिवृद्धि कर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सानिमा बैक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०२/२५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. संशोधित कर निर्धारण सम्बन्धी निर्णय कानुन सम्मत नै भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४/१०/२९ मा भएको निर्णय ।

७. यसमा शुरु करदाता कार्यालयले मिति २०७३/१२/२१ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा कर कानुन र कर न्यायका मान्य सिद्वान्त विपरित भई त्रुटीपूर्ण रहेकोले सोलाइ वदर उल्टी गरी नलाग्ने कर जरिवाना थप दस्तुर तथा व्याज समेतको दायित्वबाट मुक्त गरी पाँउ भन्ने निवेदक करदाताको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४० (३) नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०२/२३ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता द्धय श्री लक्ष्मी सापकोटा र दीपक घिमीरे ले बैंकले मूल्य अभिबृद्धि कर तर्फ मू. अ. कर ऐन,२०५२ को दफा ५(३) को उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची (१) मा उल्लेखित बस्तु वा सेवाहरुको कारोवारमा कर लाग्ने छैन । साथै त्यस्तो वस्तु वा सेवाको खरीदमा पहिले लागेको कर दफा १७ बमोजिम कट्टी गर्न र दफा २४ बमोजिम फीर्ता लिन पाईने छैन भन्ने ब्यबस्था गरिएको छ । दफा ५(३) को ब्यबस्थानुसार ऐनको अनुसूची १ मा उल्लेखित बस्तुहरुमा कर लाग्ने छैन भन्ने ब्यबस्था रहेको र उक्त अनुसूचीको ११(४) मा वित्तीय सेवामा राखिएको हुँदा **SWIFT** सेवामा मू.अ. कर माग गर्नु कानून विपरीत भएकाले बदरभागी छ भन्ने जिकीर प्रस्तुत गर्नुभयो ।

११. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान सरकारी वकिल शंभू कुमार वस्नेर्त ले मूल्य अभिबृद्धि कर तर्फ मू. अ. कर ऐन,२०५२ को दफा ८(२) मा नेपाल बाहिरको दर्ता नभएको कुनै ब्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको ब्यक्तिले यो ऐन र नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुलउपर गर्नुपर्ने ब्यबस्था रहेको हुँदा

ऐनको दफा २०(१) ञ बमोजिम कर लगाएको देखिदा कर निर्धारण आदेश सदर हुनु पर्छ भन्नुभयो ।

१२. प्रस्तुत मुद्दाको प्राप्त शुरु मिसिल र पुनरावेदन पत्र अध्ययन गरी उपरोक्तानुसारको विद्धान अधिवक्ताद्वय एवं विद्धान सरकारी वकिलको बहस सुनी सकेपछि पुनरावेदन जिकिर अनुसार हुने हो, होइन ? भनी निर्णय तर्फ विचार गर्दा देहाय अनुसार हुने देखियो ।

१३. Swift <u>/ **Reuters सम्बन्धमा**</u> पुनरावेदन जिकिर बमोजिम **SWIFT/Reuters** सेवामा मूल्य अभिवृद्धि कर लाग्ने नलाग्ने के हो त भनी विचार गर्दा पुनरावेदक बैंकले **SWIFT/ Reuters** जस्ता सेवाहरु विदेश स्थित संस्थाहरुसंग आवद्ध भई सम्बन्धित आफ्ना उपभोक्ताहरुलाई सेवा प्रवाह गरि व्यवसाय गरी आएकोमा विवाद छैन ।आफू एक वित्तीय संस्था भएको तथा उल्लिखित सेवाहरु विदेशबाट प्रवाह हुने सेवा भएको भन्ने आधारमा नेपाल भित्र आपूर्ति भएको मानिदैन भन्ने पुनरावेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको हुन्छ ।मूल्यअभिबृद्धि करको विषय सेवाको आपूर्तिसँग र भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा “नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्नेछ” भन्ने व्यवस्था गरेको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा समावेश भएका कर छुट पाउने सेवा बाहेकका अन्य सबै सेवाहरुमा भएको भुक्तानीको रकममा मूल्य अभिवृद्धी कर लाग्ने देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ मा सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ । ऐनमा उल्लेख भएको उक्त परिभाषा अनुसार पनि बैंकले अन्य मुलुकमा रकमान्तर गर्दा प्रयोगमा ल्याएको **SWIFT/ Reuters** सेवा हो भन्ने देखिन्छ । तथापि उक्त सेवा वित्तीय सेवा नै हो भनी पुनरावेदनकले प्रमाणित गर्न सकेको पाईदैन । विवादीत विषय भनेको **SWIFT** जस्ता सेवा प्रयोग वापत तिरेको शुल्कसँग सम्वन्धित रहेको देखिन्छ । बैंकले भुक्तानी गरेको सो शुल्क ऐन अनुसार मूल्य अभिवृद्धी कर लाग्ने सेवा वापतको भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा रहेको कानूनी व्यवस्था अनुसार नेपाल बाहिरको दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गरे वापत भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर लाग्ने देखिंदा उक्त कर निर्धारण त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन। मू.अ.कर ऐन,२०५२ को अनुसूची –१ समूह ११(३) ले वित्तीय सेवालाई मात्र कर छुट दिएको छ । वित्तीय सेवा संग सम्बन्धित अन्य सेवालाई कर छुट दिएको देखिएन ।विदेशमा रकम स्थानान्तरण गर्दा सूचनाको प्रशोधन तथा संप्रेषण वापत विदेशी आपूर्तिकर्तालाई भुक्तानी गरेको रकम भएको, बैंक तथा वित्तीइ संस्था सम्बन्धी ऐन,२०६३ ले **SWIFT** सेवालाई वित्तीय सेवा भनी परिभाषित

नगरेकोले गर्दा यो वित्तीइ सेवा नभई सूचना प्रशोधन र संप्रेषण खर्च भएको देखिएको जसलाई अनुसूची –१ समूह ११(३) ले छुट प्रदान गरेको देखिएन भनी प्रत्यर्थीले गरेको कर निर्धारण आदेश कानून सम्मत देखिन आयो ।

१४. अतः यसमा पुनरावेदक करदाता सानिमा बैंक लिमिटेडको आ.व. २०६९/०७० को मुल्य अभिबृद्धि कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालयको मिति २०७३/१२/२१ को निर्णय र सो लाइ समर्थन गर्ने गरी आन्तरिक राजश्व विभागबाट मित २०७४।१०।२९ मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिल बमोजिम गर्नु ।

**<u>तपशिल</u>**

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.........................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू.२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू .................................................................३

डम्बरबहादुर कार्की
( लेखा सदस्य )

उक्त रायमा हाम्रो सहमति छ ।

जीवनकुमार घिमिरे (राजस्व सदस्य)

किशोर सिलवाल (अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री युबराज गौतम

कम्प्युटर सहयोग श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल अषाढ २२ गते रोज १ शुभम......